# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, वैशाख १ गते २०४६ साल (अतिरिक्ताङ्क २ (क)


## भाग ३

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले विशेष अदालत ऐन, २०३१ को दफा ३ र ९ को उपदफा (१) (ग) ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश जारी गरेको छ ।

खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ), खण्ड ३६, मिति २०४३।१२।५ अतिरिक्ताङ्क ५१ (ख) र खण्ड ३८, मिति २०४५।२।५ अतिरिक्ताङ्क ६ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित (क) झापा जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ख) इलाम जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ग) मोरङ जिल्ला वनक्षेत्र सुदृढीकरण-सम्बन्धी विशेष अदालत (घ) सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ङ) सर्लाही जिल्ला वनक्षेत्र सुढीदृकरणसम्बन्धी विशेष अदालत (च) मकवानपुर जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (छ) चितवन जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ज) नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (झ) रूपन्देही जिल्ला वनक्षेत्र सुदृढीकरण-सम्बन्धी विशेष अदालत (ञ) कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ट) दाङ जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ठ) बाँके जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ड) बर्दिया जिल्ला वनक्षेत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुदृढीकरणसम्बन्धी विशेष अदालत (ढ) कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (ण) कञ्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (त) उदयपुर जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत (थ) बारा–पर्सा जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतहरूको कार्यावधि समाप्त भएको मितिदेखि २०४६ साल आषाढ मसान्तसम्म थप गरी देहायको वनक्षेत्र सुदृढीकरण-सम्बन्धी विशेष अदालतको अध्यक्षमा देहायबमोजिम हेरफेर गरेको छ ।

१. कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतको अध्यक्ष पदमा माननीय श्री यज्ञबहादुर बुढाथोकी ।

२. बाँके जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतको अध्यक्ष पदमा माननीय श्री टेकबहादुर विश्वकर्मा ।

आज्ञाले,

ईश्वरबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।